# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९) काठमाडौं, माघ २४ गते २०५६ साल (पूर्वातिरिक्ताङ्क ४२


## भाग ३

### श्री ५ को सरकार
### श्रम मन्त्रालयको सूचना

#### बोनस (पहिलो संशोधन) नियमावली, २०५६

बोनस नियमावली, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बोनस ऐन २०३० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बोनस (पहिलो संशोधन) नियमावली, २०५६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. बोनस नियमावली २०३९ को नियम २ मा संशोधनः बोनस नियमावली, २०३९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम २ को,–

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) "कल्याणकारी कोष" भन्नाले ऐनको दफा १३ बमोजिमको राष्ट्रियस्तरको कल्याणकारी कोष सम्झनु पर्छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) "समिति" भन्नाले कल्याणकारी कोष संचालन गर्न नियम १० बमोजिम गठन भएको कल्याणकारी समिति सम्झनु पर्छ।"

(३) खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन्:–

"(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्षलाई समेत जनाउँछ।"

३. मूल नियमावलीको नियम ३ मा संशोधनः मूल नियमावलीको नियम ३ को उपनियम (२) को खण्ड (ग) मा रहेको "मजदूरहरूको" भन्ने शब्दको सट्टा "कर्मचारीहरूको" भन्ने शब्द राखिएको छ।

४. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

"१० समितिको गठन: (१) कल्याणकारी कोषको संचालन गर्नका लागि देहायका सदस्यहरू रहेको कल्याणकारी समिति गठन हुनेछः–

| | | |
|---|---|---|
| (क) | सचिव, श्रम मन्त्रालय | –अध्यक्ष |
| (ख) | प्रतिनिधि, उद्योग मन्त्रालय | –सदस्य |
| (ग) | नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधि तीन जना | –सदस्य |
| (घ) | ट्रेड यूनियन महासंघको प्रतिनिधि तीनजना | –सदस्य |
| (ङ) | महा-निर्देशक, श्रम विभाग | –सदस्य |

(२) श्रम मन्त्रालयले तोकेको श्री ५ को सरकारको अधिकृत कर्मचारीले समितिको सचिव भई काम गर्नेछ।

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ।"

५. मूल नियमावलीमा नियम १०क. थपः मूल नियमावलीको नियम १० पछि देहायको नियम १०क. थपिएको छः–

"१०क. समितिको बैठक सम्बन्धी कार्यविधिः (१) समितिको बैठक वर्षको कम्तिमा चार पटक बस्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ। समितिको बैठक बस्ने सूचना बैठक बस्नुभन्दा कम्तिमा पन्ध्र दिन अगावै सचिवले सदस्यहरूलाई दिनुपर्नेछ।

(३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(५) समितिको निर्णय सचिवले प्रमाणित गर्नेछ।

(६) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।"

६. मूल नियमावलीको नियम ११ मा संशोधनः मूल नियमावलीको नियम ११ को,–

(१) उपनियम (१) को दोस्रो हरफमा रहेको "कल्याणकारी" भन्ने शब्द झिकिएको छ।

(२) उपनियम (२) मा रहेका "खाताको संचालन" भन्ने शब्दहरू पछि "कर्मचारीको समेत सहभागिता हुने गरी" भन्ने शब्दहरू थपिएका छन्।

७. मूल नियमावलीमा नियम १२क. थपः मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छ :–

"१२क. रकम जम्मा गर्नुपर्नेः प्रतिष्ठानले बोनस वितरण गरेको एक महिनाभित्र ऐनको दफा १३ बमोजिमको तीस प्रतिशत रकम कल्याणकारी कोषमा जम्मा गर्नुपर्नेछ।"

८. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३ राखिएको छ :

"१३ कल्याणकारी कोषको उपयोग : कल्याणकारी कोषमा जम्मा भएको रकम समितिले निर्धारण गरेबमोजिम देहायका कार्यहरूको लागि उपयोग गरिनेछः–

क) दैवी प्रकोप वा दुर्घटनाबाट पीडित कर्मचारी वा निजको परिवारका सदस्यलाई आर्थिक सहयोग प्रदान गर्न,

 १८४५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ख) कर्मचारीको बालबच्चाको शैक्षिक विकासका लागि विद्यालयको स्थापना र संचालन गर्ने,

ग) कर्मचारीको जेहेन्दार बालबच्चालाई छात्रबृत्ति प्रदान गर्ने,

घ) कर्मचारी र निजको परिवारको लागि स्वास्थ्य उपचार केन्द्र स्थापना र संचालन गर्ने,

ङ) कर्मचारी र निजको परिवारको सदस्यलाई कुनै गम्भीर प्रकृतिको रोग लागेको छ भनी श्री ५ को सरकारद्वारा स्वीकृति प्राप्त मेडिकल बोर्डबाट सिफारिश भएमा उपचारको लागि आर्थिक सहयोग गर्ने,

च) कर्मचारीको बालबच्चाको उचित संरक्षण गर्नका लागि शिशु स्याहार केन्द्र स्थापना र संचालन गर्ने,

छ) कर्मचारीको लागि आवास क्षेत्र विकास गर्ने,

ज) कर्मचारीलाई निब्याजी वा सहुलियत दरमा ऋण उपलब्ध गराउन,

झ) कर्मचारी र निजको परिवारको आय आर्जन वृद्धिका लागि आयमूलक कार्यक्रम संचालन गर्ने,

ञ) समितिले आवश्यक ठानेका अन्य कार्यहरू गर्ने ।"

९. मूल नियमावलीमा नियम १३क. थप: मूल नियमावलीको नियम १३ पछि देहायको नियम १३क. थपिएको छः–

"१३क. लेखा र लेखापरीक्षण: (१) कल्याणकारी कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नुपर्नेछ ।

(२) कल्याणकारी कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागले तोकेको लेखापरीक्षकबाट हुनेछ ।"

१०. मूल नियमावलीको नियम १४ मा संशोधन: मूल नियमावलीको नियम १४ मा रहेको "अरूमा त्यस्तो कोषको संचालन यसै नियमावली बमोजिम गर्नुपर्छ ।" भन्ने वाक्यांश झिकिएको छ ।

११. रुपान्तर: मूल नियमावलीको नियम ३, ४, ५, १२ र अनुसूचीमा प्रयोग भएको "श्रम विभाग" भन्ने शब्दहरूको सट्टा "श्रम कार्यालय" भन्ने शब्दहरू राखी रुपान्तर गरिएको छ ।

आज्ञाले,
डी. बी. भट्टराई
श्री ५ को सरकारको सचिव

१५४८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।